केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१४/०७२/७३ मिति: २०७२/१२/३०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा.निर्देशन नं. २३ को बुँदा नं. १६ लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

***“ १६. SWIFT Message को माध्यमबाट रकमान्तर गर्ने सम्बन्धमा***

*SWIFT (Society for Worldwide Interbank Financial Telecommunication) प्रविधि जडान गरेका बैंक तथा वित्तीय संस्थाहरुले SWIFT Message को माध्यमबाट यस बैंकसँग कारोबार गर्ने सम्वन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ :*

*क. यस्तो कारोबारका लागि आइतबारदेखि बिहीबारसम्म अपरान्ह ३:०० वजेसम्म रकमान्तरको लागि अनुरोध भई आएमा सोही दिन रकमान्तर गरिने ।*

*ख. अपरान्ह ३:०० वजे पछि रकमान्तरको लागि अनुरोध भई आएको अवस्थामा सो दिन पछिको अर्को कार्य दिनमा रकमान्तर गरिने ।*

*ग. शुक्रबार दिनको १२:०० वजेसम्म रकमान्तरको लागि अनुरोध भै आएमा सोही दिन रकमान्तर गरिने ।*

*घ. शुक्रबार दिनको १२:०० वजे पछि रकमान्तरको लागि अनुरोध भई आएको अवस्थामा सो दिन पछिको अर्को कार्य दिनमा रकमान्तर गरिने ।”*

भवदीय,

(उपेन्द्रकुमार पौडेल)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था सघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय ।
(१५) नेपाल राष्ट्र बैंक, उपत्यका बाहिरका कार्यालयहरु ।
(१६) नेपाल क्लियरिङ्ग हाउस लि., कमलादी काठमाण्डौं ।